सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▶▶ अंक ३८६ साउन ३० शनिबार,२०७८, August– 14 Saturday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

TUBORG
बलम्पाकी रेष्टुरेन्ट
GOLD
बलम्पाकी होटल

गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०



यो के हो मेयर ज्यु ? उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ११ गाइघाट बजारको मुख्यचोक पश्चिम हिमाली, बाङ्गेलाइन, पेट्रोलपम्पलाइन सुबास गुप्ता र रत्न श्रेष्ठको लुगा पसल अगाडि साउन २९ गते शुक्रबार बेलुकी तरकारी ब्यापारिहरुले सडकपेटि अबरुद्ध गरेर व्यापार गर्दै। सडकपेटिमा तरकारी ब्यापार गरेर अबरुद्ध गरेपछी सडकपेटिमा हिड्न पाउने पैदलयात्रु मदनभण्डारी लोकमार्गमा हिड्न बाध्य भएका छन। जसले गर्दा सर्बसाधरण सवारी दुर्गटनाको उच्च जोखिममा परेका छन। त्रियुगा नगरपालिकाका नगर प्रहरी भने बेपत्ता भएका छन। *तस्बिर - बुद्धि कुमार राई।*

निजि विद्यालय खोल्न माग

❖मुलुकी संवाददाता

उदयपुर, साउन २९

उदयपुरमा संचालनमा रहेका निजि तथा आबाशिय बिधालयहरुले बिधालयहरु संचालन गरि भोउतिक रुपमा बिद्यार्थी उपस्थित गराइ कक्षा संचालनको लागि माग गरेको छ।

निजि तथा आबाशिय बिधालय सङगठन (प्याबसन) उदयपुरका अध्यक्ष प्रकाश बस्नेत र नेपाल निजि तथा आबाशिय बिधालय सङगठन (एनप्याबस) उदयपुरका अध्यक्ष सुमन कुमार चोउधरि द्वारा हस्तारछित ज्ञापनपत्र त्रियुगा नगरपालिका उदयपुरका नगर प्रमुख मेयर बलदेब चोउधरिलाइ बुझाएका थिए। ज्ञापनपत्र बुझ्दै मेयर चोउधरिले उक्त पत्र नगर शिक्षा अधिकारीलाई कार्बाही अगाडि बढाउन र चाडै समन्धित निकायलाई का प्रतिनिधीलाइ र खेर छ्लफल गरि निकास दिने प्रतिबद्धता ब्यक्त गरेको प्याब्सन उदयपुर जिल्ला अध्यक्ष प्रकाश कुमार बस्नेतले बताए। ज्ञापन पत्रमा निजि बिधालयहरु संचालनको लागि विभिन्न बिकल्पहरु समेत दिइएको छ।

कटारी १४ हर्देनिमा के-के भयो ?

❖ भावना राई

कटारी, साउन २९

उदयपुर जिल्लाको कटारी नगरपालिका ११ हर्देनीको वडासचिब हुन खड्ग बहादुर राउत।

साबिक गाउँ बिकास समिति हर्देनि को १,२,३,४ र ६ साबिक सोरुङ छबिसे गाबिसको ७ र साबिक लेखानी गाबिसको ३ मिलेर कटारी नगरपालिका को ११ नम्बर वडा बनेको हो।

यो वडा कटारी बजारदेखि २५ किलोमिटर टाढा रहेको छ। पहाडि भेगमा तराई क्षेत्रको हिसावले हरेक क्षेत्रमा काम गर्न समस्या भएको छ। पहाडी डाँडा काँडा भुगोल भएको कारणले गर्दा विद्युत खानेपानी सडकहरुमा धैरै समस्य परेको छ। इन्जिनीयरिङ नभई खनेका कारण बाटाहरु मापदन्द अनुरुपमा छैन। बेतेनिदेखी बासवारीसम्मदेखि ७ किलोमिटर पर्दछ। सामुदायिक भवन तत्कालिन वडाको भवनमा वडा कार्यलय र हेको छ। वडा कार्यालय निर्मापको लागि ५० लाखको लागत माग गरिएको छ। वडा सचिव खड्ग बहादुर राउतका अनुसार यो वर्षको वजेटले सडकमर्मत,खानेपानि र केहि अपुग ठाउमा सडक निर्माण हुने बताए। साथै बेत्नी माथी भ्युटावर लागी बेत्नी भियुसेन्टर बनाउनेयोजना समेत रहेको छ। स्कुल,,स्वास्थ्य सेवा, अस्थाई प्रहरी वृतको सरकारी संयन्त्र रहेको छ। यस कार्यलयमा ३ खरिदार प्राविधिक सहायक र मनोपरामर्शदाता रहेका छन्।

वडा कार्यालय
वडा आध्यक्ष
वडा सदस्य
दलित महिला सदस्य

खड्ग बहादुर राउत
वडा सचिब

वडा कार्यालय
वडा सचिवहरुको नामावली



होटल एण्ड यलाखोम
एण्ड सेकुवा कर्नर
त्रि.न.पा.-११, अरारी रोड, गाईघाट
यहाँ म.म. पाउनिन, सुप्पा रोस्ट, सेकुवा, राम तथा कुखुरको सिकुटी र छोवी आदि परिकारहरु पाईन्छ।
होटल यलाखोममा स्वागत छ।

सम्पादकीय

कमिशन खाएर बिज्ञापन दिने कर्मचारीलाई कार्बाही

निजि संस्था, कम्पनीको आफ्नै नीति, नियम हुन्छ उनिहरुले प्रशारण गर्ने, प्रकाशन गर्ने बिज्ञापनको कुरा त्यही संस्था, कार्यालयको खुशी अनुसार प्रकाशण, प्रशारण गर्छ यो निजि कुरा भयो। उदयपुर जिल्लामा ४ वटा नगरपालिका र ४ वटा गाउपालिका गेरर ८ वटा स्थानिय तह छन्। ती स्थानिय तहबाट प्रकाशन गर्नुपर्ने सुचना एउटै पत्रिकामा निरन्तर, सिन्डिकेट तरिकामा अरु कुनै पत्रिकामा नदिई प्रकाशन गरेको पाइएको छ।

अहिले उदयपुर जिल्लाको सदरमुकाम गाईघाटबाट ४ वटा दैनिक पत्रिकाहरु मुलुकी दैनिक, बस्वा टाइम्स दैनिक, त्रियुगा एक्सप्रेस दैनिक र उदयपुर सिम्रिक दैनिक प्रकाशन भइरहेको छ। त्यस्तै उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बाहिरबाट बेलका नगरपालिका रामपुरबाट एकता खबर दैनिक र चौदन्दिगढी नगरपालिका बेल्टारबाट गढी खबरदैनिक प्रकाशन हुँदै आइरहेको छ। उदयपुर जिल्लाबाट यी बाहेक अन्य साप्ताहिक पत्रिकाहरु पनि प्रकाशन हुँदै आइरहेको छ। जिल्लाको केही नगरपालिका र गाउपालिकाले सिन्डिकेट तरिकामा एउटै पत्रिकामा निरन्तर बिज्ञापन दिनुको कारण यहाँ कर्मचारिले पत्रिकाबाट ४० पर्सेन्टसम्म कमिशन लियर बिज्ञापन उपलब्ध गराएको कुरा आइरहेको छ। यदि यो कुरा सहि हो भने ती बिज्ञापन दिने कर्मचारीलाई कार्बाही गरिनुपर्दछ। उदयपुर जिल्लाको लिमचुङबुङ गाउपालिका र रौतामाइ गाउपालिकाले किन सिन्डिकेट तरिकामा एउटै पत्रिकामा बिज्ञापन दिइरहेका छन। ती कार्यालयका कर्मचारीले उदयपुर जिल्लाबाट कुन कुन पत्रिका प्रकाशन हुन्छ भनेर थाहा पाएका छैनन ? के ती पालिकाहरुले कुनै एउटा पत्रिकालाई मात्र बिज्ञापन दियर आफ्नो गुणगान गाउने संचारमाध्यम मुखपत्र बनाउन खोजेको हो ?

योउटै स्थानिय तहले नियमित योउटै सस्था, पत्रिकालाई सुचना बिज्ञापन निरन्तर दिइरहन्छ भने त्यस भित्र बिज्ञापन दिने कर्मचारीले केही न केही प्राप्त गरेर त्यस्तो काम गरेको हुन सक्छ। सुचना बिज्ञापन निरन्तर दियो भन्दैमा त्यो पालिकाले गरेको गलत कार्यलाई पनि सहि थाप्नु त्यो मिडिया हाउस, पत्रिकाको कर्तब्य होइन। उदयपुरको ८ वटा स्थानिय तहका ७५ वटा वडाहरुको सुचना, बिज्ञापन भएमा सबै पत्रिकाहरुले आलोपालो तरिकाबाट सुचना बिज्ञापन पाउनु पर्छ। अझ भन्नु पर्दा स्तरयुक्त, लोकप्रिय, पत्रिकामा सुचना, बिज्ञापन प्रकाशन गर्नमा स्थानिय तहहरुलाइ पनि गर्व महशुस हुनुपर्दछ। निजि सङघ, सस्था, ब्यापार, ब्याबशायहरुको आफ्नो कुरा भयो। स्थानिय तहले सबै पत्रपत्रिकालाइ समान रुपमा आलोपालो तरिकाबाट बिज्ञापन दिइनुपर्दछ। एउटै पत्रिकालाई निरन्तर बिज्ञापन प्रकाशन गर्न दिने लिमचुङबुङ गाउपालिका र रौतामाई गाउपालिकाका कर्मचारीलाई जनप्रतिनिधिले किन यसरी निरन्तर एउटै पत्रिकालाई सुचना, बिज्ञापन किन दिइयो भनेर स्पष्टीकरण लिइनुपर्दछ। दैनिक पत्रिका नियमित हरेक दिन प्रकाशन नहुने, शनिबार प्रकाशन नहुने, बिज्ञापन हुने दिन मात्र प्रकाशन गर्ने, फेस्बुक र अनलाइनबाट समाचार साभार गरेर पत्रिका भर्ने, पत्रिकाको सामान्य आधार पूरा नगर्ने, सम्पादकिय नलेख्ने पत्रिकाले के को भरमा नियमित बिज्ञापन पाउदैछ त ? अनुसन्धान र कार्बाही दुबै हुनुपर्दछ।

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्वल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँका	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

निजी बिद्यालय सञ्चालन हुनुपर्यो

❖ बेद कुमारी राई

उदयपुर जिल्लामा रहेको निजी तथा आवशिय बिद्यालय संगठनका अध्यक्ष हुन प्रकाश कुमार बस्नेत। विश्व महामारी कोरोना भाईरसका कारण समग्र शिक्षा क्षेत्रकै विद्यार्थीको पठनपाठनमा समस्या परेको बताउँछन्। हिजोको दिनमा शिक्षकहरुलाई जसरी खोप लागाईयो त्यसरी नै छिटो भन्दा छिटो विद्यार्थी र अभिभावकहरुलाई खोपको व्यावस्था गर्न स्थानीय सरकारलाई उनी अनुरोध गर्दछन्। निजी विद्यालय खुलाउने उदेश्यले साउन २९ गत्ते नगरपालिकामा निवेदन पेश गरिएको छ। साथै ८ वटै पालिकालाई पनि खोप व्यवस्था गर्न अनुरोध गरेका छन्। बैशाख १६ गतेबिहिबारदेखि बन्द गरिएको विद्यालयहरुका विद्यार्थीले अन्लाईन कक्षा पढ्दै आईरहेका छन्। अन्लाईन कक्षा मा सबै विद्यार्थीहरुको पहुँच नभएका कारण सबै पालिका प्रमुखको अभियानमा सबै प्याब्सन र एनप्याब्सन मिलेर राज्यले चाँडो भन्दा चाँडो भौतिक रुपमा निजी विद्यालय सञ्चालन गर्न त्रियुगाका नगरप्रमुखलाई ज्ञापन पत्रि बुझाएका हुन्। त्रियुगा गनर शिक्षा प्रमुखहरुसंग आग्रह गर्दै निवेदन पेश गरिएको छ। बस्नेतका अनुसार उदयपुरमा ८४ वटा निजी विद्यालयमा २२ हजार विद्यार्थीहरु अध्ययन गर्ने बताए। त्यसमा ६८ वटा विद्यालय प्याबसनमा आवद्ध छन्। सबैभन्दा पुराना बिद्यालयहरुमा २०४१ सालमा स्थापना भएको बेलटारको सगरमाथा बोर्डिङ स्कुल र उदयपुर जिल्ला सदरमुकाम गाईघाटको २०४४ सालमा स्थापना भएको त्रियुगा नगरपालिकाको हकमा लालिगुँरास बोर्डिङ स्कुल भएको अध्यक्ष बस्नेतले बताए। ।

प्रकाश कुमार बस्नेत
अध्यक्ष –प्याब्सन उदयपुर

भवन निर्माण स्थल
स्मृति भवन
जिल्ला प्याब्सन, उदयपुर
प्रकाश कुमार बस्नेत
अध्यक्ष –प्याब्सन उदयपुर

नेपाली क्लब....

डिफेन्डर पिटर सेगुनलाई पनि भित्राएको छ। त्यसबाहेक सातदोबाटोले बलियो टिम बनाउनु पासाङ लामा, कतारमा खेल्दै गरेका स्याङ्सु भुषाल, रञ्जन पुन र थ्रीस्टारका पूर्व खेलाडी करन रावतलाई पनि भित्रायो। त्यसैगरि लिग जित्ने लक्ष्य लिँदै एनआरटी क्लबले प्रशिक्षक राजुकाजी शाक्यको सल्लाहमा विदेशी दुई चर्चित खेलाडीलाई टोलीमा समेटेको छ।

करिब एक महिनाअघि स्टेफेन समिर र मेसुके ओलमुलाई एनआरटीले क्लबमा भित्राएको हो। यी दुई खेलाडीले राम्रो तालमेल मिलाउँदै भर्खरै सम्पन्न नेपाल सुपर लिगमा काठमाडौँलाई उपाधि जिताएको थियो। यी दुईलाई एनआरटीले दश महिनाको लागि अनुबन्ध गरेको होभने जावलाखेल युथ क्लबले त लिगभइन्जेल तीन महिनाको लागिमात्र भएपनि अफ्रिकन खेलाडी जिमि लोइक्लाई अनुबन्ध गर्‍यो। त्यसबाहेक अरु धेरै खेलाडी अन्य क्लबहरुमा गए जसमा सातदोबाटो क्लबको पूर्व खेलाडी बिरेन्द्र लिम्बू ब्रिगेड ब्वाइज क्लबमा गए, मोरङका महेन्द्र कार्कीले सातदोबाटोसँग पुनः नविकरण गरे, सुनसरीका सन्तोष दाहाल जावलाखेलमा आए, मच्छिन्द्रले अभिषेक रिजालको सम्झौता नविकरण र मनिष डाँगीलाई क्लबमा भित्रायो।

खेलाडीबाहेक क्लबले प्रशिक्षकसँग पनि सम्झौता नविकरण गर्ने तथा क्लबमा भित्राउने गरेको छ। मच्छिन्द्र क्लबले प्रशिक्षक प्रवेश कट्वालसँगको सम्झौता पुनः नविकरण गर्‍यो। उनले गतवर्ष मच्छिन्द्रलाई ए डिभिजन लिग जिताइदिएका थिए। त्यो नै मच्छिन्द्रको पहिलो लिग उपाधि र सबैभन्दा ठुलो सफलता थियो। लिगको तयारिबापत सहभागि सबै १४ क्लबले २० लाख र लिग जित्नेले ७५ लाख पाउनेभएपछि क्लबले खेलाडी अनुबन्धमा राम्रो ध्यान दिएको हो।

यसरी क्लबहरुले ए डिभिजन लिगको लागि भनेर लिग तय हुनुभन्दा अघिदेखि लिगको मिति तय भइसक्दासम्म खेलाडी तथा प्रशिक्षक भित्राउने अनि सम्झौता नविकरण गर्ने काम गरिरहेका छन्। लिग सुरु हुँदासम्ममा अझै समय बाँकी भएकोले क्लबहरुले अझै खेलाडी भित्राउन सक्ने नै छन्। उता भारतले महिला फुटबल टोलीको जिम्मेवारी थोमस डेन्नबीलाई दिएको छ। भारतकै १७ वर्ष मुनिको महिला टोली हेर्दै आएका उनलाई अर्कोवर्ष आफैँले आयोजना गर्ने महिला एसियन कपको लाथि थप जिम्मेवारी दिइएको हो।

उदयपुरमा माओवादी सलबलाउन थाल्यो

❖ मुलुकी संवाद्दाता

उदयपुर, साउन २९

योङ कम्युनिस्ट लिग नेपाल उदयपुरले उदयपुर जिल्लाभर कार्यकर्तालाइ तताउने भएको छ । सङगठनको साउन २४ गते आइतबार उदयपुर सदरमुकाम गाइघाटमा सम्पन्न बैठकले उदयपुर जिल्लाभर आफ्नो कार्यकर्तालाइ परिचालन गर्ने भएको हो ।

योङ कम्युनिष्ट लिग नेपाल
YCL Nepal
उदयपुर जिल्ला कमिटी
प्रथम पूर्ण बैठक

बैठकमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केद्र) प्रदेश न.१ समिति सदस्य तथा संविधानसभा सदस्य कमरेडहरु मोहन ब खत्री , पुर्ब सम्बिधान सभाका सदस्य मणि खम्बुकिराँती, जिल्ला अध्यक्ष कमरेड बिनोद कट्वाल (बिवस) , संगठनका केन्द्रिय सचीव कमरेड एबिराज राइ, जिल्ला इन्चार्ज कमरेड दिपक किराँती राइ, केन्द्रिय सदस्य कमरेड दुर्गा कार्की , प्रदेस सदस्य निरा रोक्का, जिल्ला भेला आयोजक कमिटी सदस्य, पालिका इन्चार्जहरु, त्रियुगा नगरपालिकाका -इस्वरमान राई, उदयपुरगढी- फनिन्द्र तामाङ्ग, रौतामाइ- सुचन राना मगर पालिका अध्यक्ष त्रियुगा-रजेन्द्र राई, कटारी-इश्वर पोखरेल, चौडण्दि- तार्जन राई , रौतामाइ- बद्री मगर, उदयपुर गढी- टीका कुमारी राइ (करिना), सचीवहरु त्रियुगा- मदन भुजेल, चौडण्डीगढि-अनुज खनाल, बेलका- नगेन राई, ताप्ली- अभि मगर, लगायतको सहभागी थिए ।

बैठकले आगामी भाद्र १२ र १३ काठमाडौमा हुन गइरहेको वाइसियल नेपालको राष्ट्रिय भेलाको लागि प्रतिनिधि छनोट र संगठनात्मक कार्ययोजना पास गरेको वाइसियल नेपालका ज्ञानेन्द्र मगरले जानाकारी दिए ।

बिप्लब माओवादीमा कार्यकर्ताको ओईरो

❖ मुलुकी संवाद्दाता

उदयपुर, साउन २९

नेकपा मावोबादि बिप्लबनिकट अखिल (क्रान्तिकारि)को त्रियुगा नगर सम्मेलन शुक्रबार उदयपुर जिल्लाको गाइघाटमा सम्पन्न भएको छ । सरकारसँग को तिन बुदे सहमति गरेर प्रतिबन्ध फुकुवा भए संगै नेपाल कम्युनिस्ट पार्टिको सबै जन बर्गिय सङ्गठनहरुको बैठक, भेला र सम्मेलनलाइ तिब्र बनाएको छ ।

कोरोना माहामारिको समयमा सङगठनले सम्मेलनले उन्नाइस सदस्यीय नगर कमिटि निर्बाचित गरेको छ। क. जानकि खत्रीको अध्यक्षातामा सो कमिटी निर्बाचित भएको हो। सम्मेलनले सुरज सिंह, सिद्दार्थ अधिकारी, संगम तामाङ, समि रसाइली, सरला थापा, प्रकाश शाही, दर्शन कुमार नेपाली, चिरञ्जीवी ढकाल, मिलन राई,सोफी मगर ,सुरेन्द्र बस्ने, सर्मिला बुढाथोकी, निस्चल क्षेत्री, देबिका परियार, पहाडी माईलो, अनुरोध पाखीन, श्रेया चाम्लिङ ,नरेन्द्र बि., सहयोग कार्की रहेका छन ।

सम्मेलनको प्रमुख अतिथि पार्टीको सेक्रेटरी लक्ष्मण पौड्याल, अतिथिहरु त्रियुगा नगर पार्टी इन्चार्ज मिन प्. पोखेल, जिल्ला पार्टी कार्यालय सचिब दुर्गा तामाङ र विद्यार्थी संगठनको जिल्ला अध्यक्ष देहज क्षेत्रिले रहेका थिए । कार्यक्रममा बोल्दै प्रमुख अतिथी लक्ष्मण पौड्यालले विद्यार्थीहरु देशको कर्णधार भएकोले देशलाइ अप्ठेरो परेको बेला विद्यार्थीहरु एकढिक्का भएर जुट्नु पर्ने बताए ।

नेकपा एमाले पनि के कम

❖ मुलुकी संवाद्दाता

उदयपुर, साउन २९

राष्ट्रिय युवा संघ नेपाल उदयपुर बिहिबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा बृक्षारोपण कार्यक्रम आयोजना गरेको छ ।

जिल्ला स्तरिय अगुवा युवा भेला तथा
अन्तक्रिया कार्यक्रम

राष्ट्रिय युवा संघ नेपाल केन्द्रिय उपाध्यक्ष तथा १ नम्बर प्रदेश ईर्न्चाज अन्जना अधिकारी प्रमुख अतिथी रहेको सो कार्यक्रममा राष्ट्रिय युवा संघ नेपाल केन्द्रिय सचिव सुनिता कार्की बिशेष अतिथ्यता, नेकपा एमाले उदयपुर जिल्ला अध्यक्ष प्रमेश्वर घिमिरे, राष्ट्रिय युवा संघ नेपाल स्थायी कमिटि सदस्य अनिता कन्दङ्वा राई,अखिल नेपाल महिला संघका केंन्द्रिय सदस्य तथा नेकपा एमाले उदयपुर जिल्ला कमिटि सचिवालय सदस्य सिर्जना दनुवार ,राष्ट्रिय युवा संघ नेपाल स्थायी कमिटि सदस्य तथा उदयपुर जिल्ला ईन्चार्ज राकेश राई लगायत अर्न्तक्रिया कार्यक्रममा सहभागिता रहेको थियो ।

Triyuga Model Secondary School
T.N.P. 11 Gaighat
Admission Open
A reknown and leading educational school of udayapur district proudly announces the admission open for academic year 2078 in grade 11(XI) in
Science
Law
Management (English+ Nepali medium)
Education
Computer Science
Mass Communication
Admission Open
HURRY UP ! SEATS ARE LIMITED
Contact: Triyuga Secondary School
Phone No: 035-420106
Mobile No: 9852835691/9852835238
triyuga@gmail.com



तुरुन्त चाहियो

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको मेनचोक बिशालबजार भित्र रहेको महिमा मम सेन्टरलाई तु कर्मचारी चाहियो ।
कुक हेल्पर -१ जना, वेटर - २ जना, मिट कटर - १ जना, सहयोगी -१ जना,
सम्पर्क - महिमा ममसेन्टर ।
९८६५४७६८८०, ९८०३३०३८०२

Admission Open

भर्ना खुल्यो ।।।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण (Orientation):भाद्र -७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट ।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ। चाडैं भर्ना गर्नु होला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनुहोला

सगरमाथा सेकेण्डरी इ. बो. स्कुल
(कक्षा नर्सरी-१२ सम्म)
SEE तथा कक्षा १२ मा उदयपुर जिल्लाकै उत्कृष्ट नतिजा प्राप्त गर्ने.
TOP 50 मा
२०७८ सालको शैक्षिक वर्षका निम्ति कक्षा ११ मा भर्ना खुल्यो ।
शिक्षण हुने विषयहरु

नेपाली क्लबहरुले फुटबल खेलाडी भित्राउन थाले

❖ बिबेक राई

उदयपुर, साउन २९

नेपाली क्लबहरुले नजिकिँदो ए डिभिजनको लागि खेलाडीहरु भित्राउन थालेका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सहिद स्मारक ए डिभिजन लिगको मिति तोकिसकेको छ । ए डिभिजन लिग कात्तिक २९ बाट सुरु हुँदैछ । त्यसैको लागि क्लबहरुले खेलाडी भित्राउने तथा नविकरण गर्ने काम सुरु गरेको हो । यसको पछिल्लो उदाहरण हुन् थ्री स्टार क्लबका कप्तान विक्रम लामा । उनले यी सिजन क्लबले उपाधि जित्ने लक्ष्य राखेको भन्दै यहि बिहिबार क्लबसँगको सम्झौता नविकरण गरेका छन् ।

क्लबसँगको सम्झौता नविकरण गर्दै उनले क्लब घरजस्तो र क्लबका पदाधिकारी तथा खेलाडी सबै परिवारको सदस्यो जस्तो लाग्ने कुरा बताएका थिए । त्यसबाहेक क्लबले हरेक परिस्थितिमा साथ दिएकोले क्लबलाई धन्यवाद अनि क्लबले उपाधि जित्नुको लागि लड्ने कुरासमेत उनले बताएका छन् । उनका अनुसार क्लबमा अहिले राम्रा खेलाडीहरुको समुह रहेको, गोल गर्न सक्षम खेलाडीहरु रहेकोले पनि क्लबले उपाधि जित्नुका लागि सबै प्रतिस्पर्धी क्लबहरुलाई कडा चुनौती दिनेछ ।

यसैवर्ष ए डिभिजनमा बढुवा भएको सातदोबाटो फुटबल क्लबले पनि खेलाडीहरुलाई मनखोलेर भित्राएको छ । सातदोबाटोले ११ दिअघि एकैचोटि चार खेलाडीलाई अनुबन्ध गरेको थियो । क्लबले थ्रीस्टारका पूर्व गोलरक्षक अभिषेक बराल, श्रीकुमारी क्लबका पूर्व खेलाडी आशिष राई, टुसाल क्लबका पूर्व खेलाडी सुदिप गुरुङ र एपिएफका पूर्व मिडफिल्डर प्रकाश पुनलाई भित्राएको थियो। सातदोबाटोले पोखराका मानबहादुर तामाङ र नेपालमा चर्चित भएका नाइजेरियाक-

बाँकी ३ पेजमा



जिल्ला ट्राफिक प्रहरीको राम्रो काम । साउन २९ गते शुक्रबार उदयपुर जिल्लाको सदरमुकाम त्रियुगा नगरपालिका ११ गाईघाट बजारको शुभलक्ष्मी फिलिम हल जाने बाटोको सडकपेटीमा राखिएको मोटरसाईकलमा लक लगाउँदै जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका प्रहरीहरु । सडकपेटीमा मोटर साईकल सडकपेटिमा राखेर अबरुद्ध गर्दा सडकपेटीमा हिड्न पाउने अधिकार हनने भएको छ । सडकपेटीमा हिड्न पाउने पैदलयात्रु मदनभण्डारी लोकमार्गमा हिड्न बाध्य भएका छन । जसले गर्दा सर्बसाधरण सवारी दुर्घटनाको उच्च जोखिममा परेका छन । त्रियुगा नगरपालिकाका नगर प्रहरी भने बेपत्ता भएका छन ।

तस्बिर - बुद्धि कुमार राई ।

उदयपुरका प्रेम चामलिङ देशभर मध्येकै उत्कृष्ट

❖ मुलुकी संवाददाता

उदयपुर, साउन २९

National Life
ताम्रपत्र तथा सम्मान कार्यक्रम

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड उदयपुर गाईघाट शाखाका म्यानेजर प्रेम चामलिङ राई नेपालकै उत्कृष्ट शाखा प्रमुखको रुपमा रुपमा सम्मानित भएका छन् ।

२०४४ सालमा स्थापना भएकोनेपाल लाईफ इन्स्योरेन्स कम्पनी उदयपुर गाईघाटमा २०६७ सालमा शाखा सुरु भएको थियो । हाल नेपाल भर नेशनल लाईफ इन्सोरेन्सको १ सय ८ वटा शाखाहरु छन् । गाईघाट शाखा उदयपुरमा हाल ५ हजार बिमितहरु छन् ।

केन्द्रीय कार्यालयले आयोजना गरेको सम्मान कार्यक्रममा सहभागी हुन काठमान्डौ पुगेका प्रेम नेपालभर रहेको १ सय ८ वटा शाखाहरु मध्ये केन्द्रिय कार्यालयले दिएको लक्ष्य पुरा गर्दै शाखाले गर्नुपर्ने अन्य गतिविधी जिम्मेवारी पनि सम्मान योग्य भएकाले राईलाई साउन २९ गते शुक्रबार काठमाडौस्थित चन्द्रागिरी हिल्सको सभाहलमा यो बर्ष उत्कृष्ट शाखा म्यानेजर घोषणा गर्दै सम्मान गरेको हो ।

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

Admission0

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगढा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
➢Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
आवेदन फाराम वितरण भईरहेको छ ।
प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते
आवश्यकता अनुसार पुनः प्रवेश परीक्षा लिइने
विशेष व्यवस्था - SEE मा A+ ल्याउनेलाई मासिक शुल्कमा [illegible] छुट
- SEE मा A ल्याउनेलाई मासिक शुल्कमा [illegible] छुट
९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०
Computer Science मा सिट सङ्ख्या मात्र 30 !
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट